म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १४९ सोमबार २३ पुस २०८० ने. सं. ११४४ थिल्लागा 8 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बसामाडी जेसीजको अध्यक्षमा कठायत चयन

हेटौंडा, २२ पुस/बसामाडी जेसीजको अध्यक्षमा उद्धवराज कठायत चयन भएका छन् । वर्ष सन् २०२४ को लागि कठायत अध्यक्ष चयन भएका हुन् । शनिबार भएको बसामाडी जेसीजको २४ औं साधारणसभा तथा अधिवेसनबाट कठायत सर्वसम्मत अध्यक्ष चयन भएका थिए ।

त्यस्तै जेसीजको कार्यकारिणी उपाध्यक्षमा सुदीप नेपाल र दीपेन्द्र यादव, उपाध्यक्षमा प्रमोद उप्रेती, ध्रुव गौतम, अभ्युदय खनाल र आयुश बोम्जम चयन भएका छन् । बाकीँ पदहरु भने जेसीजको विधानअनुरुप अध्यक्ष कठायतले मनोनित गर्नेछन् । चयन भएपश्चात कठायतले सबैलाई समेट्दै अघि बढ्ने र नयाँ कार्यक्रम गर्ने बताएका छन् ।

# हेटौंडामा पर्यटक लक्षित योजना र होटल खोई ?, फेरिएन नियति

निशा गुरुङ

हेटौंडा, २२ पुस/ भारतीय सीमाबाट नजिक भएकाले विहारका पर्यटक हेटौंडा ल्याउने योजना बन्नुपर्थ्यो । तराईका सर्लाहीदेखि रौतहट, बारा, पर्सा र चितवनकै नजकि भएकाले पनि आन्तरिक पर्यटकलाई आकर्षित गर्न हेटौंडाले सक्नुपर्थ्यो ।


तर, भइदियो उल्टो । तराईबासीका लागि हेटौंडा राजमार्ग हुँदै अन्यत्र जाने 'बाइपास सहर' जस्तै बनेको छ । चितवनबासीका लागि हेटौंडा पर्यटकीय गन्तव्य कहिल्यै बन्न सकेको विगतले देखाउँदैन । भारतीय पर्कटक हतपत्त बारा र मकवानपुरको सीमाक्षेत्र चुरेको डाँडो कट्दैनन् । भारतीयहरु हेटौंडा आइहाले पनि रात नबिताई सोही दिन फर्किने गरेको सरकारी निकायको अध्ययनले नै देखाएको छ । हेटौंडामा भारतीय वा आन्तरिक पर्यटकका लागि एकदिनको पिकनिक स्पट मात्रै बनेको छ ।

भारतीय पर्यटक आकर्षित गर्ने पर्यटकीयस्थल वा होटल व्यवस्थापन हेटौंडामा कहाँ छ ? यो प्रश्नको जवाफ सर्वसाधारणले मात्र हैन, बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले पनि मागेका छन् । हेटौंडा बागमती प्रदेशको राजधानीसमेत हो । अहिले हेटौंडा प्रदेशको राजधानी भएपछि नै होटलमा औपचारिक कार्यक्रमका गतिविधि बाक्लिएका छन् । तर, बागमती प्रदेश सरकारको कुनै कार्यक्रम गर्नुपर्दा यहाँ सुहाउँदो पर्याप्त होटल भने पाईदैन । यहाँका अधिकांश होटलहरु राजमार्गका यात्रुहरुमा मात्र निर्भर देखिएका छन् ।

प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले समेत २०२४ लाई बागमती प्रदेश भ्रमण वर्षको रुपमा मनाउने तयारी गरिरहेको छ । भ्रमण वर्षमा विविध कार्यक्रम गर्नका लागि प्रदेश सरकारले १ करोड रुपैयाँ विनियोजन गरेर कार्यक्रम अगाडि बढाइसकेको छ । तर, हेटौंडामा भने पर्यटकीय गतिविधि लगभव शुन्य छ । पर्यटकीय गतिविधि नहुनु र पर्यटकको आगमन कम हुँदा हेटौंडामा ठुला लगानी सहितका होटलहरु अझै भित्रिन सकेको छैन ।

गत मंसिरमा नेपाली कांग्रेस बागमती प्रदेशको पहिलो अधिवेशन हेटौंडामा आयोजना हुँदा यहाँका होटल पहिल्यै भरिए । प्रतिनिधिलाई चितवनको सौराहा, बाराको अमलेखगञ्जदेखि पर्साको बीरगञ्जमा बास बस्ने व्यवस्था मिलाएर हेटौंडा ल्याउनु परेको थियो । बागमतीका मुख्यमन्त्री जम्कट्टेलले सरकारले कुनै कार्यक्रम सञ्चालन गर्दा हेटौंडामा होटलको समस्या हुने गरेको बताए । 'राजधानीमा बसेको ठ्याक्कै ६ वर्ष पुग्यो तर, यहाँ एउटा राम्रो होटल छैन । यति धेरै व्यवसायीहरु हुनुहुन्छ । तर, खै सुबिधा सम्पन्न होटल ?', शनिवार मउवा संघको साधारणसभामा जम्कट्टेलले भनेका थिए ।

'केहीदिन अगाडि अन्तर प्रदेश कार्यक्रममा सहभागी हुन सातै प्रदेशका मुख्यमन्त्रीहरु आउनु भयो बस्ने ठाउँ छैन । धन्न मोटल एभोकाडोले एउटा हल बनाएर मात्रै केही सहज भएको छ ।', उनले थपे । एक हजार मान्छे हेटौंडा आए बस्ने ठाउँसमेत राजधानी सहरमा नभएको उनको भनाई थियो । मुख्यमन्त्री जम्कट्टेलले बागमती प्रदेशको राजधानी हेटौंडा भइसकेपछि व्यवसायीले सुबिधासम्पन्न होटल सञ्चालन गर्नुपर्ने बताए । बीरगञ्जदेखि पाहुना हेटौंडा धेरै आउने हुँदा नयाँ



मोडलबाट सोचेर जान उनले होटल व्यवसायीलाई आग्रह गरेका छन् ।

पर्यटक शुन्य भएकोमा निराश हुनुभन्दा प्रदेशको राजधानी हेटौंडामा पाहुना राख्न व्यवस्थित होटल सञ्चालन गर्न मुख्यमन्त्री जम्मकट्टेलको सुझाव थियो । यहाँ मोटल एभोकाडो एन्ड अर्किड रिसोर्ट, होटल स्मारक, होटल प्रकाश इन्टरनेशनल, हेटौंडा रिसोर्ट, होटल सीमा, होटल सामना, होटल लोकप्रिय, होटल सूर्यान्स, होटल लिडो इनलगायत केही होटलमात्रै स्तरीय मानिन्छन् । यी बाहेक हेटौंडामा साना लजहरु र होटलहरु नभएका होइनन् । बसपार्क क्षेत्रलाई लक्षित गरेर साना लगानीमा थुप्रै होटलहरु खुलेका छन् । तर, उनीहरु पर्यटकभन्दा बढी राजमार्गका यात्रुमा बढी लक्षित र निर्भर छन् ।

हेटौंडा उपमहानगरपालिका प्रवक्ता सविन न्यौपानेले प्रदेश सरकारको राजधानी हेटौंडा भएपछि नियमित गतिविधिहरु धेरै हुने गरेको बताए । एकैपटक विभिन्न मन्त्रालय एवम् स्थानीय तहको कार्यक्रम हुँदा होटल पाउन समस्या हुने गरेको उनले बताए । उनका अनुसार व्यवसायीले रात्रिकालीन प्याकेजहरु ल्याएर ठुला होटल सञ्चालन गर्नुपर्ने बताउँछन् । हरेक समय सरकारको कार्यक्रम नहुने र व्यवसायीले सौराहाका होटलहरु जस्तै हेटौंडाका होटल व्यपसायीले पनि विभिन्न खालका प्याकेज ल्याउनुपर्ने बताए । उपमहानगरपालिकाले पर्यटन क्षेत्रमा विभिन्न कार्यक्रम अगाडि बढाएको हुँदा व्यवसायीलाई पनि सहज हुने उनले बताए ।

हेटौंडामा अझै पनि ठूला र सुविधासम्पन्न सभा/सेमिनार गर्ने हलको अभाव भएको कारण ठूला कार्यक्रम पनि हेटौंडामा गर्न गाह्रो रहेको मकवानपुर उद्योग वाणिज्य संघ अध्यक्ष कृष्ण गुप्ताअग्रवालले बताए । हेटौंडामा अहिले पनि ठूला हलसहितका होटल खुल्ने हो भने ब्याज तिर्न समेत जोखिम रहने उनको भनाई छ । 'यहाँको मौसम र वातावरण अत्यन्तै राम्रो छ, तराई र भारतबाट पनि सभा सेमिनारका लागि यहाँ पाहुना आउन सक्छन् ।', उनी भन्छन्, 'तर, हामीसँग ठूलो सभाहलसहितका होटल छैनन् । सार्वजनिक हल पनि सुविधासम्पन्न छैनन् ।',

'पहिले भारतीय पर्यटकले हेटौंडालाई धेरै रोज्थे तर, बाराको सिमरामा तारे होटल नै खुलेपछि यता आउने भारतीय पनि उतै रोकिए ।', उनले भने, 'अब हेटौंडाले पनि उनीहरुलाई यहाँसम्म तान्ने गरी प्याकेज बनाउनुपर्छ ।', अग्रवालले लगानी गर्न समस्या भएका कारण नै ठुला होटल सञ्चालनमा आउन नसकेको बताए । हेटौंडामा आधुनिक सुविधासहितका होटल खुलेका छैनन् । जसका कारण प्रिमियम सुविधा लिन चाहनेहरु हेटौंडामा बस्न रुचाउँदैनन् । तर, अब सम्भावना देखेर केही लगानीकर्ता हेटौंडामा तारे होटल खोल्न कस्सिएका छन् ।

मकवानपुर होटल एसोसिएसनका उपाध्यक्ष विष्णुगोपाल महर्जनका अनुसार मकवानपुरमा ठुला-साना गरी जम्मा ९५ वटा होटल छन् । भएका होटलमा पनि समयसमयमा प्रहरी प्रशासनले 'अवैध गतिविधि' रोक्ने नाममा अभियान चलाउने कारण ठूला होटल पनि मर्कामा परेको महर्जन बताउँछन् । खासै पर्यटकीय गतिविधि नहुनु र पर्यटकको आगमन दरमा तीव्रत्तर वृद्धि नआउनुले हेटौंडामा ठूला लगानीसहितका होटल भित्रन नसकेको पनि उनले बताए । महर्जनले व्यवसायीहरु लगानी गर्न डराएको बताए । सरकारको नीति र बैंकका कारण व्यवसायी मर्कामा पर्दा यस्तो स्थिति सिर्जना भएको उनले बताए ।

### पर्यटनलाई उकास्न उपमहानगरको कसरत

पर्सा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्जको मिलनविन्दु नजिकै भएपनि हेटौंडाले खासै पर्यटक लक्षित कार्यक्रम ल्याउन सकेको भने छैन ।

हेटौंडाका होटलहरु अहिले दुई पाटोबाट मात्रै धानिएका छन्, सडकमार्ग भएर आवात-जावत गर्दा बास बस्ने पाहुना र अर्को सभासेमिनार तथा प्रादेशिक प्रशासनिक काममा आउने सेवाग्राही । यसबाहेक हेटौंडा नै घुम्न भनेर आइपुग्ने पर्यटकको संख्या निकै न्यून छ । मकवानपुरकै थाहा नगरपालिका (दामन, पालुङ, चित्लाङ र बज्रबाहराही क्षेत्र) मा पर्यटकीय चहलपहल बाक्लो छ । मार्खु र कुलेखानी आसपासको मानवनिर्मित ताल इन्द्रसरोबरको आसपास क्षेत्रमा पनि दैनिक सयौं पर्यटक पुग्छन् । तर, हेटौंडाले ती पर्यटकलाई तान्न सकेको छैन ।

धेरैलाई हेटौंडामा पनि घुम्न मिल्ने गज्जबका स्थानहरु छन् भन्ने जानकारी नै छैन । त्यसैले हेटौंडाको पर्यटकीय चहलपहल र होटलहरु सुस्त गतिमा चलिरहेका छन् । हेटौंडाको सहीदस्मारक वर्षमा ५ लाख पर्यटकले घुम्ने स्थान हो । यहाँ विभिन्न जिल्लाबाट नै पर्यटक आउँछन्, तर, राजमार्गको सहज पहुँच रहेका कारण यहाँ आएकालाई घुमफीर गर्न बढीमा ३ घण्टा नै काफी हुन्छ । त्यसपछि हेटौंडामा कहाँ घुम्न जाने ? जिल्लाबाहिरका पर्यटकलाई कुनै पत्तो छैन । सहीदस्मारक आएर घुम्नेहरु कि सौराहा लाग्छन् कि त सीमभञ्ज्याङ । हेटौंडामा एकरात पर्यटकलाई बसाउने गरी कुनै सम्भावित गन्तव्यलाई प्रवर्द्धन गरिएको छैन ।

हेटौंडामा रहेका विभिन्न मठमन्दिर तथा शक्तिपीठको प्रचार गर्न स्थानीय सरकार चुकेको छ । चुरियामाई, भुटानदेवीमाई, मनकामनामाई, कुष्माण्ड सरोबर त्रिवेणी धाम, त्रिखण्डेश्वर महादेव, वनसखण्डीदेवीको मन्दिरलगायतका स्थान हेटौंडाका धार्मिक आकर्षणका केन्द्र हुन् । तर, हेटौंडाबाहिर यस्ता मन्दिरको प्रचार गर्न स्थानीयस्तरमा खासै प्रयास भएको छैन । पछिल्लो केहीवर्षदेखि साइकलप्रेमीहरुले कोरा राइडको नाममा हेटौंडा नगरका मन्दिरलाई थोरै भएपनि प्रचार गरि रहेका छन् ।

हेटौंडा नजिककैको मकवानपुरगढी दरबार, एसियाकै पहिलो दाबी गरिएको चुरिया सुरुङमार्ग, मूर्तिकला बगैंचा, सहीद स्मारक, पुष्पलाल स्मृतिपार्क, जुरेथुम, चिसापानीगढीलगायतका थुप्रै पर्यटकीय स्थलबारे पनि जिल्लाबाहिर प्रचार भएको छैन । यी गन्तव्यहरु आन्तरिक पर्यटकका लागि आकर्षकस्थल हुन सक्छन् । तर, यसबारेमा प्रचार-प्रसार गर्ने काम लगभग शून्य जस्तै छ ।

यिनै कारणले हेटौंडाको पहिचान एउटा औद्योगिक तथा हरित नगरीबाट फराकिलो भएर 'पर्यटकीय नगरी'तर्फ उन्मुख हुन सकिरहेको छैन । नजिकैको सौराहामा विदेशी पर्यटकको ओइरो लाग्दा हेटौंडा पर्यटकको पखाईमा झिँगा धपाउँदै बस्नुपरेको छ । हेटौंडाले पर्यटक नपाइरहेका बेला मकवानपुरको उत्तरी क्षेत्रमा भने पर्यटकको आगमन वर्षेनि वृद्धि हुँदै गएको छ ।

काठमाडौंबाट नजिक रहेका कारण पनि दामन, पालुङ, टिष्टुङ, बज्रबाराही, चित्लाङ, कुलेखानी, मार्खुलगायत क्षेत्रमा पर्यटक आवागमन बढ्दो दरमा छ । त्यसैका कारण यो क्षेत्रमा पर्यटकीय होटलहरु थपिने क्रम तीव्र छ । मकवानपुर उद्योग वाणिज्य संघदेखि अन्य संघसंस्थाले वर्षैपिच्छे हेटौंडा, पालुङ, मनहरी र टिष्टुङमा स्थानीय महोत्सवहरु आयोजना गर्ने गरेका छन् । तर, यसले अपेक्षित रुपमा पर्यटन प्रवर्द्धन गर्न सकेका छैनन् ।

### फेरिएन नियती

हेटौंडामा रहेका व्यवसायीले पर्यटकलाई गर्ने व्यवहारमा खासै परिवर्तन आएको छैन । उदाहरणका लागि अन्नपूर्ण, मनास्लु, सगरमाथा, कञ्चनजंघा, क्षेत्रका व्यवसायीले पर्यटकलाई गर्ने स्वागत र हेटौंडाका व्यवसायीले गर्ने स्वागत फरक छ । व्यवसायीले पर्यटकलाई 'अतिथि देवो भव' को व्यवहार गर्नु जरुरी छ । तर, हामीकहाँ 'मुर्गा संस्कृति' पेरिन सकेको छैन । पर्यटकसँग 'पटके व्यवहार' गर्ने परम्परा परिवर्तन गर्नै पर्छ । यसका लागि तीनै तहका सरकारले व्यवसायीलाई आवश्यक तालिम प्रदान गरी दक्ष बनाउनु जरुरी छ ।

हेटौंडाका होटल व्यवसायीले पर्यटकलाई दिनभरि घुम्नका लागि सवारी साधन व्यवस्थापन गर्नु जरुरी छ । उदाहरणका लागि गाडी चढेर घुम्न चाहनेका लागि साना सवारी, विद्युतीय सवारी, मोटरसाइकल आदिको व्यवस्था देखिँदैन । यतिसम्म कि यहाँका ठूला भनिने होटलहरुले २/४ वटा साइकल राखेर पर्यटकलाई घुम्ने रुटको व्यवस्थापन गर्न सकेका छैनन् । पर्साको ठोरीमा गतवर्ष खुलेको होटलले पर्यटकलाई भाडामा साइकल उपलब्ध गराउन थालेको छ ।

हेटौंडा आइपुगेका बाह्य वा आन्तरिक पर्यटकलाई कस्तो सुबिधा उपलब्ध गराउँदा उनीहरुको हेटौंडामा बसाइ लम्ब्याउन सकिन्छ भन्ने बिषयमा खासै अध्ययन भएको छैन । आन्तरिक होस वा बाह्य पर्यटकको बसाइ लम्ब्याउने उपायको खोजी गर्न जरुरी छ । बसाइ अवधि बढेको खण्डमा यहाँको व्यवसाय बढ्ने हो ।

# संरचनात्मक सुधारमा साढे ५ करोड खर्चिने बागमती सरकारको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ बागमती प्रदेश सरकारले भौतिक संरचनाको संरचनात्मक सुधारका लागि विभिन्न शीर्षकमा ५ करोड ५६ लाख खर्चको अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ ।

आइतबार प्रदेश मन्त्रिपरिषद्को बैठकले प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयको सिफारिसमा संरचनात्मक सुधारका लागि यो रकम खर्च गर्ने निर्णय गरेको हो । जसअन्तर्गत बागमती सरकारले प्रदेश प्रहरी अस्पताल भवन निर्माणका लागि ३ करोड रुपैयाँ, प्रदेश प्रहरी र ट्राफिकप्रहरी सुरक्षा उपकरण खरिद, राजमार्ग सुरक्षा तथा ट्राफिक ब्यवस्थापन कार्यालय रामनगरका लागि ५० लाख उपलब्ध गराउने भएको छ ।

यसैगरी, बायोग्याँस निर्माणको लागि ३० लाख रुपैयाँ, जिल्ला ट्राफिकप्रहरी कार्यालय सिन्धुलीको महिला आवास भवन निर्माणका १० लाख रुपैयाँ, प्रहरीचौकी भवन दोलखा मर्मत सुधारका लागि १५ लाख रुपैयाँ रकम उपलब्ध गराउने निर्णय भएको प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानरायण श्रेष्ठले जानकारी दिए । यसैगरी, जिल्ला प्रहरी कार्यालय धादिङको कम्पाउण्ड वाल निर्माणका लागि १५ लाख, बागमती प्रदेश प्रहरी कार्यालय कम्पाउण्ड वाल मर्मत सुधारका लागि १० लाख, ईलाका प्रहरी कार्यालय बस्तीपुर घेराबारको लागि २० लाख, प्रहरीचौकी रामपुर सिन्धुलीको कम्पाउण्ड वाल निर्माण १५ लाख, कारागार कार्यालय काभ्रेपलाञ्चोकको कार्यालय भवनको स्तरोन्ती गर्नका लागि २५ लाख र महिला करागारको संरचनात्मक सुधार गर्न सिन्धुपाल्चोकका लागि २० लाख रुपैयाँ उपलब्ध गराउने भएको छ ।

बागमती प्रदेश तालिम केन्द्र धुदौली क्यान्टिन निर्माण गर्न २० लाख, सार्वजनिक नागरिक प्रदर्शनस्थल १३ वटै जिल्लामा २/२ लाखका दरले २६ लाख उपलब्ध गराउने निर्णय गरेको छ । प्रवक्ता श्रेष्ठका अनुसार आन्दोलनकारीले



विरोधका कार्यक्रम गर्दा सार्वजनिक सम्पत्ति तोडफोड हुनबाट बचाउन सार्वजनिक नागरिक प्रदर्शनस्थल निर्माण गर्न लागिएको बताए । यसैगरी बैठकले १० समस्याग्रस्त सहकारी संस्थाको निमित्त व्यवस्थापन समिति गठन गर्ने निर्णय गरेको छ ।

संस्कृति पर्यटन तथा सहकारी मनत्रालयको सिफारिसमा काठमाडौं महानगरपालिका-३१ का प्रशान्त अधिकारीको संयोजकत्वमा ३ सदस्यी गठन गर्ने निर्णय गरेको छ । समितिमा काठमाडौं महानगरपालिका-४ का यज्ञनाथ दाहाल, मकवानपुरका यतीराज सापकोटा सदस्य रहनेछन् ।

यसैगरी, सरकारले जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि २०८० स्वीकृत गर्ने निर्णय गरेको छ । मौलिक चलचित्र निर्माण तथा प्रवर्द्धनमा सहयोग कार्यक्रम सन्चालन सम्वन्धी कार्यविधि २०८० स्वीकृत गर्ने प्रदेश सरकारको निर्णय छ ।

यसैगरी सरकारले द्वन्द्व पीडितका लागि सवलिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० स्वीकृत गर्ने सरकारको निर्णय छ । प्रदेशसभा सदस्य गीता गुरुङको हेयरिङ मेशिन खरिद गर्ने सरकारले निर्णय गरेको प्रवक्ता श्रेष्ठले बताए । यसैगरी सरकारले एक वडा एक कृषि पशुपन्छी तथा मत्स्यजन्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० स्वीकृत गरेको छ । एक विद्यालय एक नर्स कार्यक्रम सन्चालन (दोश्रो संसोधन) कार्यविधि २०८० स्वीकृत गर्ने सरकारको निर्णय छ ।

यसैगरी गर्भवती तथा सुत्केरी अवस्थाका ज्यान जोखिममा परेका महिलाको निशुल्क हवाइउद्दार सेवासम्वन्धी कार्यविधि २०८० स्वीकृत गर्ने बागमती सरकारको निर्णय छ । प्रदेश सरकारले दुर्गमक्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सन्चालन सम्वन्धी कार्यविधि २०८० स्वीकृत गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिए ।

फेन्सी पसल बिक्रीमा

हेटौंडा-४, स्कूल रोडको आर.बी. कम्प्लेक्सको अगाडिको सटरमा चालु अवस्थामा रहेको एस.पी. कलेक्सन नाम रहेको फेन्सी पसल अर्जेन्ट बिक्री गर्नु पर्ने भएकोले सुपथ मूल्यमा बिक्रीमा छ । खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८४५७१७०६०

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७०९१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पर्यटकीयस्थलमा नगरसभा

हेटौंडा उपमहानगरपालिकाले १४ औं नगरसभा हेटौंडा-१८ स्थित गुम्बाडाँडामा गरेको छ । स्थानीयस्तरका पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि पहिलोपटक बजारक्षेत्रभन्दा बाहिर नगरसभा आयोजना गरेको उपमहानगरपालिकाले जनाएको छ । हेटौंडा-१८ हर्नामाडीस्थित गुम्बाडाँडा सामुदायिक वनमा निर्माणाधीन मूर्तिकला कार्यशालास्थललाई थप प्रचार प्रसार गर्न नगरसभा यो क्षेत्रमा आयोजना गरेको हो । गुम्बाडाँडा पर्यटकीय गन्तव्यकोरुपमा विकसित हुँदै गएको छ । अब नगरकार्यपालिकाको बैठक हरेक पटक सम्भव भएसम्म फरकफरक वडामा गर्ने व्यवस्था पनि गर्न सके राम्रो हनेछ । मोवाइल बैठकका रुपमा १९ वटै वडाका महत्वपूर्ण स्थानमा कार्यपालिका बैठक गर्न सकेको खण्डमा पर्यटन प्रबर्द्धन हुनेछ । प्रशासनिक झमेला वा खर्चबृद्धि बाहेक अन्य उल्झन नआएको खण्डमा कार्यपालिका बैठक वडावडामा गर्ने ब्यवस्था मिलाउनु जरुरी छ ।

हेटौंडा उपमहानगरपालिकाको चालु आर्थिक वर्षको बजेटको आकार २२ करोड रुपैयाँ बढेको छ । शनिबार भएको १४ औं नगरसभामा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को बजेट आकारमा २२ करोड २ लाख ५५ हजार रुपैयाँ बढाएर नगरउपप्रमुख राजेश बानियाँले प्रस्तुत गरेका छन् । गत असार २ गतेको १३ औं नगरसभाको अधिवेशनमा उपमहानगरपालिकाले प्रस्तुत गरेको आर्थिक वर्ष २०८०/८१ को बजेट संशोधन गर्दै आकार बढाइएको हो । उपमहानगरपालिकाले १३ औं नगर सभामा २ अर्ब ६८ करोड ६० लाख १० हजार रुपैयाँको बजेट प्रस्तुत गरेकोमा संशोधन गरी २ अर्ब ९० करोड ६२ लाख ६५ हजार रुपैयाँको सीमामा पुऱ्याएको हो । आन्तरीक राजश्व संकलनमा भएको प्रगतिको आधारमा चालु आर्थिक वर्षको संशोधित बजेटमा २२ करोड २ लाख ५५ हजार बजेट थपिएको हो । चालु आर्थिक वर्षको ६ महिनाको राजश्व संकलन लक्ष्यअनुसारको आधा पूरा भएको बजेट प्रस्तुतिका क्रममा उपप्रमुख बानियाँले बताए । चालु आर्थिक वर्षको लागि कुल ३० करोड ९४ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेकोमा पुस १५ गतेसम्म १५ करोड ४५ लाख रुपैयाँ संकलन भएको प्रतिवेदनमा उल्लेख छ । अहिलेसम्म ५० प्रतिशत राजश्व संकलन भएको र गत आर्थिक वर्षको यसै अवधिको तुलनामा चालू आर्थिक वर्ष ८ प्रतिशतले राजस्व संकलन वृद्धि भएको बताइएको छ ।

नगरको राजश्व बृद्धि गर्ने क्षेत्र फराकिलो बनाउनका लागि नगर सभाबाट भएको निर्णय कार्यान्वयनमा प्रभावकारिता ल्याउनु जरुरी छ । आय/व्यय अनुमानमा सशर्त बजेट, अघिल्लो वर्षको मौज्दात र रकमान्तर समेत थप भई २ अर्ब ७५ करोड ७६ लाख ६५ हजार रुपैयाँ वास्तविक आय कायम भएको उपप्रमुख बानियाँले जानकारी दिएका छन् । गतवर्ष सम्झौता भई ३१ करोड रुपैयाँ भन्दाबढी जिम्मेवारी सरेका आयोजनाको रकम भुक्तानीका लागि चालु आर्थिक वर्षको बजेटमा १० करोड ७० लाख रुपैयाँ विनियोजन भएकोमा अधिकांश भुक्तानीका लागि रकम अभावका कारण भुक्तानी रोकिएकोले बजेटको आकार बढाइएको बानियाँले बताएका छन् । नगरवासीको समस्या समाधानमा सबै जनप्रतिनिधि, कर्मचारीको मनोवल बढाउने गतिबिधि गर्नु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस २४ गते मंगलबार ९ जनवरी २०२४ । त्रयोदशी, पौष कृष्णपक्ष । थिंलागा ११४४ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२४ । ज्योतिष परिषद् स्थापना दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परीक्षामा सफलता मिल्नेछ | **तुला** | : धर्मकर्ममा मन जानेछ |
| **वृष** | : पढाइमा रुचि बढ्नेछ | **वृश्चिक** | : नया मित्रसूग भेटघाट हुनेछ |
| **मिथुन** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | **धनु** | : अधुरो काम बन्ने सम्भावना छ |
| **कर्कट** | : शुभ समाचार मिल्नेछ | **मकर** | : मित्रहरुबाट सहयोग हुनेछ |
| **सिंह** | : भाग्योदयको योग छ | **कुम्भ** | : आफन्तबाट विरोध हुनेछ |
| **कन्या** | : सहयोगी हातहरु बढ्नेछ | **मीन** | : पेसाबाट घाटा देखिन्छ |

# दूरसञ्चारको अँध्यारो बाटो



**प्रकाश सुवेदी**

यो वर्ष नेपालको दूरसञ्चार क्षेत्र केही ठूला र महत्वपूर्ण घटनाको साक्षी बन्यो । स्मार्ट टेलिकम खारेजीमा गयो, सीजी टेलिकमको ग्रामीण दूरसञ्चार सेवा सम्बन्धी अनुमतिपत्र रद्द भयो र एनसेलमा लगानी गरेको आजियाटा नेपाल छाडेर गयो । यी सामान्य घटना होइनन् ।

नेपालका नीति-कानुन र लगानी वातावरणको वास्तविकतालाई यी घटनाले छताछुल्ल पारिदिएका छन् । र, यसले नेपालको दूरसञ्चारको भविष्य कति दूरसम्म पुग्ला भनेर थोरबहुत अनुमान लगाउन सकिन्छ ।

नेपालमा पछिल्लो दशक दूरसञ्चारले जुन रफ्तारमा फड्को मारेको छ, त्यो अविश्वसनीय छ । यसले मानिसहरूलाई जोडेको मात्रै छैन, स्वावलम्बी पनि बनाएको छ । अहिलेको विश्वमा दूरसञ्चारले पुऱ्याएको भूमिका अतुलनीय छ । सबैभन्दा छिटो पुग्ने सेवा यही हो । कुल जनसंख्याको ठूलो हिस्सामा पहुँच स्थापित गरेको दूरसञ्चारको अरू विकल्पै छैन । स्वास्थ्य, शिक्षा, उद्योग, सुरक्षा, यातायात क्षेत्रको विकासमा पनि यसले महत्वपूर्ण भूमिका खेल्छ ।

इन्टरनेटको माध्यमबाट हुने सञ्चारको आफ्नै महत्व छ तर मोबाइल नेटवर्कलाई अलग पारिदिने हो भने यो पनि अपूरो हुन्छ । इन्टरनेटले संसारलाई सानो गाउँ त बनाएको छ भने त्यो गाउँका लागि चाहिने पूर्वाधार मोबाइल नेटवर्कले ठड्याइदिएको छ ।

यी उज्याला पक्षका पछाडि दूरसञ्चारको नियति अविकसित मुलुकको जस्तै बिडम्बनापूर्ण छ । कर र राजस्वको ठूलो हिस्सा ओगट्ने करिब १ खर्ब रुपैयाँको लगानी रहेको यो क्षेत्रलाई राज्यले गर्ने व्यवहार विरक्तलाग्दो छ । अनेक बहानामा थिचोमिचोमा पारिराख्ने सरकारी रवैयाका कारण दूरसञ्चारले तुलनात्मक रूपमा प्रगति देख्न पाएको छैन । कानुनी जटिलता र वैदेशिक लगानीको अस्पष्ट नीतिले केही कम्पनी पूर्ण रूपमा बन्द भए, केही धरमर अवस्थामा चलिरहेका छन् ।

नेपालको दूरसञ्चारमा अग्रणी एनसेलको माउ कम्पनी आजियाटा देश छोडेर गएको एक महिना पनि भएको छैन । जानुअघि उसले दिएका कारण सोच्ने फुर्सद अहिलेसम्म कुनै नेता, सांसद या पत्रकारहरूमा छैन । चौतर्फी दबाबमा रहँदा दूरसञ्चारको वृद्धिदर खुम्चिएर मरीच जस्तो भएको छ । आम्दानी लगातार घटिरहेको छ । दूरसञ्चार सेवा सञ्चालनका लागि प्रत्यक्ष खर्च बढ्दो छ ।

सेवा प्रदायकहरूको बजार हिस्सा केही वर्षदेखि बढेकै छैन । दूरसञ्चार सेवा सञ्चालनबाट हुने नाफा लगभग २७ प्रतिशतले घट्दा 'रिटर्न अन इन्भेस्टमेन्ट' करिब ३० प्रतिशतले ओरालो लागेको छ । त्यसमाथि नवीकरण शुल्क, रोयल्टी, दूरसञ्चार सेवा शुल्क, ग्रामीण दूरसञ्चार विकास कोषको ठूलो महाभारत छ । सेवाप्रदायकलाई 'कमाइखाने भाँडो' मात्रै बनाएर अन्य सुविधामा घाँटी अचेट्ने राज्यको रवैयाले यो क्षेत्रको भविष्य अँध्यारोमा छ ।

मुलुकमा सबैभन्दा बढी कर तिर्ने ठूला कम्पनीमा एनसेल र नेपाल टेलिकम सधैं अगाडि आउँछन् । तर, त्यसबापत उनीहरूलाई राज्यले कर दिवसमा प्रमाणपत्र दिनेबाहेक अरू के दिएको छ ? वित्तीय वासलातमा गम्भीर विचलन आइरहँदा राज्यले कहिले आडभरोसा दिएको छ ? अभिभावकविहीन भएर यूटीएल र स्मार्ट टेलिकम बन्द हुनु केवल केही कम्पनी बन्द हुनु मात्र होइन, तीसँगै रोजगारी, प्रविधि विस्तार र छनोटको अधिकार पनि बन्द भएका हुन् । सत्ताको जोडघटाउबाट फुर्सद निकालेर एकाध घण्टा यतातिर चिन्ता लिने शासक हामीले किन कहिल्यै पाउँदैनौं ?

बहुमत शेयर सरकारको भएकाले नेपाल टेलिकमलाई राज्यले छाता ओढाइरहन्छ । टेलिकम राज्यकै निकाय भएकाले 'राष्ट्रको सञ्चार' भएको हो । तर, निजी क्षेत्रप्रति राज्य सधैं अनुदार रहँदै आएको छ । यूटीएल र स्मार्ट टेलिकम बन्द हुनुमा राज्यकै काखे व्यवहार प्रमुख कारण थियो । यही रवैयाका कारण निजी क्षेत्र दूरसञ्चारमा प्रवेश गर्न चाहिरहेको छैन ।

दूरसञ्चार क्षेत्र असाध्यै परिवर्तनशील र प्रविधिमाथि निर्भर उद्योग हो । लगभग हरेक ५-६ वर्षमा नयाँ प्रविधिले पुरानोलाई विस्थापित गर्छ । यो निकै खर्चिलो हुन्छ । सेवालाई प्रतिस्पर्धी बनाउन र प्रविधि अपडेट गर्न कम्पनीहरूले अर्बौं खर्च गर्छन् । यसबाट प्राप्त हुने लाभका लागि लामो समय पर्खिनुपर्छ ।

प्रविधिको यही परिवर्तनलाई पछ्याउँदै विश्व अहिले फाइभजीमा उक्लिसकेर पनि अगाडि बढ्न खोज्दैछ । हामी फोरजीमै छौं । त्यो पनि शहरी क्षेत्रमा मात्रै । गाउँतिर अहिले पनि टुजी र थ्रीजीकै भर छ । हामी फाइभजीमा पुग्ने कहिले हो, अनुमान गर्नै सकिन्न । किनकि भएका कम्पनी पनि राज्यको अनुदान शैलीका कारण टाट पल्टिने जोखिममा छन् । निजी क्षेत्रको एक्लो सेवाप्रदायक एनसेललाई ६ वर्षपछिको भविष्यले अँठ्याएको छ । एनसेल निजी क्षेत्रको मात्रै होइन, अर्बौं विदेशी लगानी भित्र्याएको कम्पनी हो । बहुमत शेयर विदेशीको हुँदा २५ वर्षपछि स्वत: राष्ट्रियकरण हुने कानुनी व्यवस्थाले गर्दा सम्भवत: अबको आधा दशकमा उसले सेवा र प्रविधि विस्तारमा लगानी नै गर्ने छैन । यसले घाटा हुने देशलाई नै हो ।

दूरसञ्चार क्षेत्रको भद्रगोललाई किनारा लगाउन नसकेकै कारण राज्यले ठूलो लाभ गुमाइरहेको छ । यति सामान्य विषय बुझ्न सक्ने शासक र प्रशासक नहुँदा देश सधैं तन्नम रहिरह्यो । यसलाई नीतिगत तहबाटै फरफारक गर्न सकिएन भने आधा दशकभित्रै दूरसञ्चार उद्योग मर्नु न बाँच्नुको अवस्थामा पुग्नेछ ।

### नवीकरण र रोयल्टीको बल्छी

दूरसञ्चार क्षेत्रको स्वाभाविक विकास र विस्तारमा सधैं अड्चन बनेर आउने तत्व नवीकरण शुल्क हो । अचाक्ली महँगो नवीकरण शुल्क सेवाप्रदायकहरूका लागि ठूलो बोझ बनेको छ । दुई दशकअघि तत्कालीन 'स्पाइस नेपाल'ले अनुमति लिने बेला बोलकबोल मार्फत नवीकरण शुल्क २० अर्ब रुपैयाँ तिर्ने प्रतिबद्धता जनाएपछि सूचना तथा सञ्चार मन्त्रालयले मोबाइल सेवाको अनुमति शुल्क २१ करोड र नवीकरण शुल्क २० अर्ब रुपैयाँ तय गरेको थियो ।

शुरूमा अनुमतिपत्र १० वर्ष र त्यसपछि ३ पटक हरेक ५-५ वर्षमा (जम्मा २५ वर्ष) गरी नवीकरण गर्नुपर्ने व्यवस्था गरियो । यसअनुसार नवीकरण शुल्कका रूपमा दूरसञ्चार सेवाप्रदायक कम्पनीले २५ वर्षमा ८० अर्बभन्दा बढी बुझाउनुपर्ने बाध्यकारी प्रावधान राखियो । भाइबर, ह्वाट्सएप, मेसेन्जर जस्ता ओटीटी सेवा नभइदिएको भए बाह्य र आन्तरिक कलबाटै कम्पनीहरूले मनग्य आम्दानी गर्थे र नवीकरण शुल्क तिर्न सक्थे ।

तर, केही वर्षयता टेलिफोन सेवा निरन्तर ओरालो गतिमा छ । विश्वभर टेलिकम उद्योगको मुख्य आम्दानी स्रोत 'कल र डेटा'मा उल्लेख्य गिरावट आएको छ । यसले गर्दा नेपाल टेलिकम र एनसेल दुवैको कारोबार र आम्दानी उल्लेख्य घटेको छ । नवीकरण शुल्कमा पुनर्विचार नगरिए केही वर्षमै दूरसञ्चार सेवा प्रदायक कम्पनी टाटपल्टिने अवस्था आउन सक्छ ।

दूरसञ्चार क्षेत्रको थाप्लोमा घाटाको बोझ बढिरहँदा राज्यले आडभरोसा दिएर करमा पुनर्विचार गर्नुपर्थ्यो । तर, 'जसरी हुन्छ पैसा थुत्नुपर्छ' भन्ने मनोभावनाबाट ग्रसित शासकहरूले यो विषय सुन्न नै चाहँदैनन् । वार्षिक ३० अर्ब मुनाफा गर्ने सेवाप्रदायकहरू ५ अर्बमा झरिसक्दा पनि शासकहरू निद्राबाट उठेका छैनन् । राज्यलाई तिर्नुपर्ने अचाक्ली महँगो शुल्कको भार त अन्ततोगत्वा उपभोक्ताकै थाप्लोमा पर्छ । सेवा महँगो हुँदा उपभोग घट्छ । यसबारे कोही किन सोच्दैन ?

नवीकरण शुल्कपछिको अर्को बल्छी फ्रिक्वेन्सी (स्पेक्ट्रम)को हो । राज्यले सेवाप्रदायकबाट फ्रिक्वेन्सी दस्तुर (रोयल्टी) लिइरहेको छ । फ्रिक्वेन्सी लिने बखत नै राज्यले छुट्टै शुल्क लिइसकेको हुन्छ । त्यसपछि पनि हरेक वर्ष रोयल्टी (आम्दानीको ४ प्रतिशत) उठाइरहेको छ । भ्याटबापत १३ प्रतिशत लिने राज्यले दूरसञ्चार सेवा शुल्कबापत पनि थप १३ प्रतिशत लिन्छ । यसरी दोहोरो शुल्क तिरिरहँदा पनि सेवाप्रदायकले प्रतिरोध गर्न सक्दैनन् । किनभने, नीतिभन्दा बढी नेताले चल्ने देशमा नेताहरूले प्रतिशोध साध्न शक्तिको दुरुपयोग गर्ने गरेका उदाहरण सयौं छन् । यस्तोमा कम्पनीहरू जोखिम लिन चाहँदैनन् ।

यति धेरै कर, शुल्क र राजस्व लिइसकेर रकम थुपारिसक्दा पनि ग्रामीण क्षेत्रमा दूरसञ्चार विकास गर्न भन्दै राज्यले सेवाप्रदायकबाटै आम्दानीको २ प्रतिशत रकम छुट्टै लिन्छ । ग्रामीण दूरसञ्चार विकास कोषको रकम खर्च नभई धमिराले खाने अवस्थामा पनि सेवाप्रदायकको घाँटी निमोठ्ने अचम्मको रोगले शासकहरू ग्रसित छन् । अर्कोतिर १० वर्षमा लाइसेन्स नवीकरण गर्ने भनिए पनि अनुमतिपत्र पाउने बेला नै रकम बुझाउनुपर्ने कानुनी बाध्यता छ । अनुमतिपत्र नवीकरण नगरेर बीच समयमै निस्किने कम्पनीले नवीकरण शुल्क फिर्ता पाउँदैनन् । यो पनि अर्को झेल हो ।

### विदेशी लगानीको भूत

दूरसञ्चार ऐन, २०५३ को दफा २५ मा 'दूरसञ्चार सेवाप्रदायक कम्पनीको अनुमतिपत्रको अवधि २५ वर्ष हुने' व्यवस्था छ । ऐनको दफा ३३ अनुसार दूरसञ्चार सेवा दिने संस्थाको ५० प्रतिशतभन्दा बढी पूँजी लगानी विदेशी व्यक्ति वा संस्थाको भएमा त्यस्तो कम्पनीको सम्पत्ति नेपाल सरकारको हुन्छ । बहुमत शेयर नेपालीको हुँदा यो व्यवस्था आकर्षित हुँदैन । तर, के यो सम्भव छ ?

कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को एक चौथाइ हाराहारी हिस्सा ओगट्ने रेमिट्यान्सका कारण देश जसोतसो बाँचेको छ । विदेशी भूमिमा पसिना बगाएर नेपालीले पठाइदिएको पैसाले देशको अर्थव्यवस्थाले सास फेर्न पाएको छ । स्वदेशी उत्पादनको हिस्सा नगन्य छ । १ अर्बको निर्यात गर्दा १०० अर्बको आयात गर्नुपर्ने बाध्यताले हाम्रो अर्थव्यवस्था सधैं पराधीन रहँदै आएको छ ।

देशको हालत यस्तो जर्जर भएका बेला ठूलो आशा गरिएको क्षेत्र वैदेशिक लगानी हो । विदेशबाट आउने लगानीले पूँजी मात्रै ल्याउँदैन, प्रविधि र सीप पनि ल्याउँछ । विश्वका ठूला र समृद्ध मुलुकले वैदेशिक लगानीलाई रातो कार्पेटमा स्वागत गर्छन् । भारत र चीनले पछिल्ला दुई दशकमा मारेको फड्कोमा विदेशी लगानीको हिस्सा आधाभन्दा बढी छ ।

तर, नेपाल उत्तरकोरिया जस्तो भएको छ । यो बन्द समाज भएर बाँच्नमै गौरव गर्छ । विदेशी लगानी भन्नेबित्तिकै लुट्न आयो भनेर बाटो बन्द गर्ने दिशामा नेता र सांसदहरू अहोरात्र खटिएका छन् । एनसेलमा बहुमत शेयर भएको आजियाटाले सस्तोमै स्पेक्ट्रलाइट यूकेलाई बेचेर बाहिरिंदा गर्माएको बहसले पनि त्यही भन्छ । ऊ नेपालबाट किन बाहिरियो भन्ने बहसमा कोही छिरेनन् । बहसको केन्द्रमै पूँजीगत लाभकर रह्यो, जुन अनावश्यक थियो । यसले पनि विदेशी लगानीप्रतिको हाम्रो चेतना देखाउँछ ।

वैदेशिक लगानीमा खोलिएको उद्योग २५ वर्षपछि स्वत: सरकारीकरण हुने कानुन दोषी छ । विदेशी कम्पनी बोलाउने, निश्चित समय लगानी गर्न लगाउने र पछि सरकारको स्वामित्वमा ल्याउने व्यवस्थाले विदेशीलाई तान्ने होइन, बिच्काउने काम गर्छ । कानुनमा यही छ, यही गर्नुपर्छ भन्ने रूढमा अडिरह्यौं भने त्यसले हामी आफैंलाई घाटा हो ।

कानुनहरू परिवर्तनशील हुन्छन्, संसारभरको नियम यही हो । त्यसैले वैदेशिक लगानी सम्बन्धी स्पष्ट कानुनी व्यवस्थाका लागि सांसदहरूले बहस चलाउन ढिला भइसकेको छ । दूरसञ्चार ऐन र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा बाझिएका विषयलाई पनि अहिले नै हो सल्ट्याउने । हाम्रा नेता र सांसदहरू सडक छाडेर सदनमा चर्किन थाले भने केही हुन्थ्यो कि ! विदेशी लगानी भूत होइन, यसले त हामीलाई भूतबाट भविष्यमा हिंड्ने बाटो बनाइदिन्छ ।

*(साभार: अनलाइनखबर)*

# दर्शन अर्थात् फिलोसोफी के हो ?

**प्रकाश तिवारी**

त्यस दिन मनुष्यले बडो अनौठो अनुभूति गऱ्यो । सधैं सबेरै उठ्ने अनन्य मित्र त्यो बिहान मरिगए उठेन । उसले आफ्नो परम मित्रलाई झकझक्यायो । नाम लिई बोलायो । अपितु उसको मुखबाट कुनै आवाज निक्लेन । मित्रले कुनै प्रतिक्रिया जनाएन ! कुनै रात फेरि त्यही छवि, त्यही छाया सपनामा आयो । प्रेम सरोवरको मझधारमा उभिँदै कालजयी गीत गायो । तब ऊभित्र जिज्ञासा पैदा भयो - मानिस मृत्युसँगै सधैंका निम्ति बिदा भएर जान्छ, या यो वा त्यो रूपमा जीवितै रहन्छ ? सम्भवत: त्यो नै आदि मनुष्यको दिमागमा छाएको प्रथम दार्शनिक सवाल हुनुपर्छ ।

बिजुली किन चम्कन्छ ? मेघ किन गर्जिन्छ ? गर्जनसँगै भयङ्कर आवाजका साथ जमिनमा खस्ने चकमक के हो ? रातमा आकाशमा देखिने उज्याला पिण्डहरू के हुन् ? पृथ्वी किन हल्लिन्छ ? बाढी, पहिरो, आँधी-तुफान, ज्वालामुखीको रहस्य के हो ? सूर्य सधैं एकातिर बाट उदाउने र अर्कोतिर अस्ताउने किन गर्छ ? औंशी-पूर्णिमाको रातमा सूर्य-चन्द्रमामा देखिने कालो दाग के हुन् ? जगत्को रचनाकार को हो ? आत्मा के हो ? मृत्युपछि चेतना कहाँ जान्छ ? पदार्थ चेतनाको सर्जक हो या चेतनाले पदार्थको सृष्टि गर्छ ? यी त्यस्ता प्रश्न हुन्, जसको सपाट जवाफ आदि मानवसँग थिएन ।

अर्को शब्दमा भन्नुपर्दा आदिमानव सूर्य, चन्द्रमा र ताराहरू त देख्दथ्यो तर तिनको संरचना र गतिका बारेमा बिल्कुलै अनभिज्ञ थियो । प्रकृतिमा देखापर्ने बाढी, पहिरो, वर्षा, आँधीहुरी, भूकम्प, ज्वालामुखी, चट्याङ आदि घटना के कारणले घटित हुन्छन् भन्नेबारे ऊ पूर्णत: बेखबर थियो । ऊ त्यस किसिमका त्रासदपूर्ण घटनासँग अतिशय भयभीत रहन्थ्यो । यस्तैमा ऊ त्यस्ता घटना घटाउने पक्कै कुनै अलौकिक शक्ति हुनुपर्छ भन्ने निष्कर्षमा पुग्यो । उसको निष्कर्ष 'महावली ईश्वर'तर्फ इङ्गित थियो । 'त्यस्तो महाबलि ईश्वर जसको सार्वभौमसत्ता मातहत जीवन र जगत सञ्चालित छ ।'

यस प्रकार मानव विश्वासको प्रयोगशालाबाट ईश्वर नामको टेस्ट ट्युब बेबीले जन्म लिन पुग्यो । त्यसपछि उसले नवजात ईश्वरलाई खुसी पारी प्राकृतिक प्रकोपबाट जोगिन पूजाआजा, भोग-बलि दिन सुरु गऱ्यो । साथै पूजा-अनुष्ठान लगायत रिवाजलाई धर्मको उपमा दियो । वैदिक साहित्यमा वर्णित अग्नि, वायु, जल, सूर्य, पृथ्वी आदि प्राकृतिक तत्त्वहरूको पूजा-आराधनाले तिनै कुराको सङ्केत गर्छन् ।

यो विशाल ब्रह्माण्ड रहस्यहरूको संग्रहालय हो । आज पनि ब्रह्माण्डमा सुल्झाउन बाँकी बग्रेल्ती दार्शनिक रहस्य छन् । प्रकृतिमा मानिस नै एउटा त्यस्तो जीव हो, जो जगत् र जीवनका अनुत्तरित रहस्यको उत्खनन गर्ने क्षमता राख्छ । त्यस मानेमा मानव सभ्यताको यात्रा अज्ञेयबाट ज्ञेयतर्फको यात्रा हो । अज्ञेयलाई ज्ञेयमा बदल्ने अभियानमा थुप्रै दार्शनिक, वैज्ञानिकको दिमागी ऊर्जा खपत भएको छ । ती दार्शनिक, वैज्ञानिकहरूमा बालसुलभ जिज्ञासा थिए । उनीहरूभित्र क्रियाशील जिज्ञासाकै बीचबाट दर्शन अर्थात् फिलोसोफीको अभ्युदय हुन पुग्यो ।

भनाइ छ– प्रश्न सोध, उत्तर मिल्नेछ । ढोका ढक्ढक् गर, खुल्नेछ । यात्रा सुरु गर, गन्तव्यमा पुगिनेछ । अर्थात् प्रश्न छैन त जवाफ पनि छैन । यात्राबिना गन्तव्यमा पुगिँदैन । प्रश्न चेतनशील मस्तिष्कको उपज हो । प्रश्न दर्शनको जननी पनि हो । दर्शनले कुनै पनि विषयलाई सूक्ष्म ढंगले सोच्न, हेर्न, विचार गर्न आह्वान गर्दछ ।

तसर्थ दर्शन, जगत् र जीवनसँग सम्बद्ध प्रश्नहरूको अन्वेषण हो । साथै प्रश्नहरूको तर्कपूर्ण, विधिपूर्वक, क्रमबद्ध, समालोचनात्मक र सुव्यवस्थित अध्ययन पनि हो । फिलोसोफी शब्दको नेपाली रूपान्तर दर्शन हुन आउँछ । फिलोसोफी ग्रिक शब्द फिलोस र सोफिया मिलेर बनेको बुझिन्छ । जसमा फिलोसको अर्थ अनुराग र सोफियाको अर्थ ज्ञान मानिएको छ । फिलोसफर उही हो, जसमा ज्ञानप्रति अगाध प्रेम छ । श्रद्धा र भक्तिभाव छ । जसले जीवन र जगत्का तमाम विषयवस्तुलाई बिहङ्गम दृष्टिका साथ हेर्छ । व्याख्या-विश्लेषण गर्छ ।

दार्शनिक र दर्शन एकै सिक्काका दुई पाटा हुन् । दर्शन, जीवन र जगत्का अनुद्घाटित रहस्यहरूको एक्स-रे हो । सिटिस्क्यान हो । आम मानिसका निम्ति दर्शन भनेको 'वाद' हो, 'इजम' हो । अथवा यसो भनौं, जुन शब्दको पछाडि 'वाद' वा 'इजम्'को बृहत आयाम जोडिन्छ दर्शन त्यही हो । जस्तो कि समाजवाद, पुँजीवाद, साम्राज्यवाद, उपनिवेशवाद, फासीवाद, सामन्तवाद, मार्क्सवाद, गान्धीवाद, आदि-इत्यादि । रेने डेकार्टलाई आधुनिक दर्शनशास्त्रको पिता भनिएको छ ।

प्लेटोले आफ्नो पुस्तक 'रिपब्लिक'मा दार्शनिकको परिभाषा दिएका छन्, 'दार्शनिक त्यही हो जो ज्ञान प्राप्त गरेर वा नयाँ कुरा सिकेर कहिल्यै अघाउँदैन ।' । फिलोसोफीलाई 'मदर अफ अल साइन्सेज' समेत भन्ने गरेको पाइन्छ । फ्रान्सेली विचारक अगस्त कोम्टे 'दर्शन विज्ञानको पनि विज्ञान हो' भन्ने गर्थे । तपाईं बिएससी गर्नुस्, बिकम गर्नुस् या एमएससी, एमकम, एमए जेसुकै डिग्री हासिल गर्नुस् । त्योभन्दा माथि गएपछि तपाईंको डिग्री एमफिल अर्थात् मास्टर अफ फिलोसोफीको नामले चिनिनेछ । त्योभन्दा पनि माथिल्लो सिँढी उक्लेपछि तपाईंले लिने डिग्रीलाई पीएचडी याने 'डक्टर अफ फिलोसोफी' शब्दहरूले सम्बोधित गरिनेछ । भनाइको तात्पर्य, संसारका सबै एकेडेमिक डिग्रीहरू दर्शनको सीमान्त बिन्दुमा गएर टुङ्गिन्छन् । 'फिलोसोफी इज मदर अफ अल डिसिप्लेन' वाक्यांशको तात्पर्य पनि त्यही सेरोफेरोमा भेटिन सक्छ ।

भनिन्छ, प्राचीन ग्रिकहरू बालकझैं जिज्ञासु थिए । उनीहरूमा ज्ञानप्रति अतिशय लगाव थियो । ग्रिकहरू हरेक कुरामा प्रश्न गर्थे । यतिसम्म कि सूर्य पूर्वबाट उदाउने र पश्चिममा अस्ताउने तथ्यलाई समेत तर्कको मदानीमा मथेर मात्र ग्रहण गर्दथे ।

तर्कशास्त्र र दर्शनबीच नजिकको साइनो भेटिन्छ । तर्कशास्त्रको जननी मानिने प्राचीन युनानमा सोफिस्टहरूको समूह थियो । सोफिस्टहरू ईपू ५०० तिर अन्य मुलुकको बाटो हुँदै युनान प्रवेश गरेका थिए । उनीहरू 'हाफ टिचर, हाफ थिङ्कर' थिए भन्ने भनाइ छ । सोफिस्टहरू शुल्क लिएर तर्कशास्त्रसम्बन्धी शिक्षा दिन्थे । शिक्षा दिँदै एक ठाउँबाट अर्को ठाउँमा पुग्थे । सोफिस्टहरूले तर्क शिक्षाको शुल्क लिने तरिका अनौठो थियो । उनीहरू विद्यार्थीसँग आधा शुल्क भर्ना हुँदा र बाँकी अध्ययन समाप्त गरी तर्कशास्त्रमा अरुलाई पराजित गरेपछि लिन्थे । तर्कको माध्यमबाट गलतलाई सही र सहीलाई गलत सिद्ध गर्ने प्रयत्न गर्नु उनीहरूले दिने तर्क विद्याको सार थियो । प्लेटो सोफिस्टहरूलाई 'शब्दका जादुगर' भन्ने गर्थे ।

जगत् जेठो कि जीवन जेठो ? सृष्टिको रचयिता ईश्वर हो कि अरु कोही हो ? उपरोक्त दार्शनिक प्रश्नमा दुनियाँ कहिल्यै एकमत हुन सकेन । यस विषयमा हजारौं वर्ष अघिदेखि मतान्तर रहँदै आएको छ । सृष्टि सम्बन्धमा धर्मपिच्छेका मतहरू छन् । हिन्दू धर्मग्रन्थ भन्छ- 'ईश्वरले पहिला नार नामको जल उत्पन्न गरे । अनि त्यसमा नारायण नामको बीज छोडे । त्यो बीज बढेर हिरण्यगर्भ नाम गरेको सुनको अण्डा बन्यो । त्यसै अण्डाबाट स्वेच्छाले ब्रह्मा उत्पन्न भए । ब्रह्मा अर्थात् प्रजापति सुरुमा स्त्री-पुरुष कुनै लिङ्गका थिएनन् । एक दिन ब्रह्माले आफ्नै शरीरलाई आधा-आधा गरी चिरेर दुई भाग बनाए । विभाजित भागमध्ये उनको बायाँ भाग स्त्री र दायाँ भाग पुरुष भयो । त्यसपछि ब्रह्माले आफ्नै स्त्री शरीरसँग सहवास गरे । सहवासबाट मनु र सतरूपा नामका दाजु-बहिनीको जन्म भयो । मनु र सतरूपाबाट जन्मेका सन्तान नै कालान्तरमा 'मानव' कहलाए ।'


परन्तु सृष्टि कसरी भयो भन्नेबारे विज्ञान बिल्कुलै फरक धारणा व्यक्त गर्दछ । 'बिग ब्याङ् थ्यौरी'लाई जगत्को उत्पत्तिसम्बन्धी सबैभन्दा आधिकारिक धारणा मान्ने गरिएको छ ।

*क्रमश: पृष्ठ-३...*

# कृष्ण सिटौलाले रोजेको सजिलो बाटो

विराटनगर/नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौला राष्ट्रियसभाको उम्मेदवार बन्ने निश्चित भएपछि विराटनगर लागेका छन् ।

सत्ता गठबन्धनबीच भागबण्डाको सकस चलिरहँदै सिटौला कोशी प्रदेशबाट अन्य कोटातर्फ उम्मेदवार बन्ने निश्चित जस्तो थियो । नभन्दै, कोशीमा अन्य तर्फको कोटा कांग्रेसले लिएपछि सिटौला टिकट लिएर राष्ट्रियसभा सदस्यमा उम्मेदवारी दर्ता गर्न आइतबार विराटनगर लागे ।



नेताहरुका अनुसार, सिटौला राष्ट्रियसभाको सदस्य मात्रै बन्दै छैनन् । आगामी २० फागुनमा हालका राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिम्सिनाको कार्यकाल सकिँदैछ र उक्त पदमा सिटौला जाने तयारी छ ।

राष्ट्रिय राजनीति र कांग्रेसभित्र उनको प्रभावशाली पृष्ठभूमिका कारणले पनि सिटौला राष्ट्रियसभाको अध्यक्ष बन्दैछन् भन्ने अनुमान बलियो छ । किनकि पूर्व गृहमन्त्री समेत भइसकेका सिटौला कांग्रेसको १३ औं महाधिवेशनमा पार्टी सभापतिकै उम्मेदवार थिए ।

शेरबहादुर देउवा र रामचन्द्र पौडेलबीच सभापति पदका लागि प्यानलसहित भएको प्रतिस्पर्धामा सिटौलाले अहिलेका महामन्त्री गगन थापासहित युवाहरुको सानो टिम बनाएर तेस्रो धार निर्माण गरेका थिए । तर सिटौलासहित उनको प्यानलका उम्मेदवार सबै पराजित भए ।

त्यो चुनावमा सिटौलाले सभापति जित्न नसकेपनि देउवालाई पार्टी नेतृत्वमा लैजान महत्वपूर्ण भूमिका खेले । पहिलो चरणमा ५० प्रतिशत कटाएर कोही पनि सभापति निर्वाचित हुन नसक्दा सिटौलाले देउवालाई दोस्रो चरणको चुनावमा साथ दिए । त्यसबापत आफ्ना मान्छे पार्टीका विभिन्न पदमा मनोनीत गरे ।

२०७८ को १४ औं महाधिवेशनमा सिटौलाले सभापतिमा प्रतिस्पर्धा गरेनन् । तर आफ्ना तर्फबाट प्रदीप पौडेललाई महामन्त्रीको उम्मेदवार देउवाको प्यानलबाट बनाउन सफल भए । यद्यपि पार्टीभित्र सिटौलाको प्रभाव विस्तारै घटिरहेको छ ।

तत्कालीन पार्टी सभापति गिरिजाप्रसाद कोइरालाको बलियो साथ पाएरै सिटौलाले पार्टी सभापतिका उम्मेदवारसम्मको राजनीतिक यात्रा तय गरेका थिए ।

२०६२/०६३ सालको दोस्रो जनआन्दोलनपछि बनेको सर्वदलीय अन्तरिम सरकारका गृहमन्त्री रहँदा सिटौला राष्ट्रिय राजनीतिका महत्वपूर्ण नेता थिए ।

राजतन्त्रको विदा गर्ने तयारीसहितको त्यो शक्तिशाली सरकारको नेतृत्व गिरिजाले गर्दा उनको विश्वास पात्र भएर सिटौलाले गृह प्रशासन हाँकेका थिए । यद्यपि आफैंले गराएको २०६४ सालको पहिलो संविधानसभा चुनावमा सिटौला झापा तत्कालीन नेकपा माओवादीका पूर्णसिं राजवंशीसँग पराजित भए ।

त्यो पराजयले सिटौलालाई निकै ठूलो राजनीतिक क्षति पुग्यो । किनकी झापा कांग्रेसको सभापति हुँदै राष्ट्रिय राजनीतिको केन्द्रमा पुगिसकेका सिटौलाले त्यो चुनाव जिते थप शक्तिशाली बन्ने अवसर पाउँथे । त्यसको कारण फेरिन पनि जीवनको उत्तारार्धमा रहेका गिरिजाप्रसाद कोइरालाको विश्वास सिटौलामा कायम रहनु थियो ।

यद्यपि सिटौलाले हारेको त्यो चुनाव पहिलो थिएन । उनी पञ्चायत अन्त्यपछि २०४८ मा भएको चुनावमै सिटौला पराजित भएका थिए । देशभर कांग्रेसले जित्ने लहर चलेका बेला सिटौला नेकपा एमालेका द्रोणाचार्य क्षेत्रीसँग पराजित भए । त्यो चुनावपछि कांग्रेसले एकल बहुमतको सरकार बनायो ।

तर एमाले सांसद क्षतिको निधन भएपछि २०५० मा उपनिर्वाचन भयो । सिटौला फेरि उम्मेदवार भएर जिते । त्यसबेला सिटौला झापा-१ बाट चुनाव लडेका थिए, अहिले त्यो क्षेत्र झापा-३ बनेको छ । गिरिजाप्रसाद कोइराला नेतृत्वकै सरकारले गराएको उपनिर्वाचन जितेपनि २०५१ को मध्यावधिमा सिटौला फेरि पराजित भए ।

उनी एमालेका पुष्प पोखरेलसँग पराजित भए । २०५६ को चुनाव भने त्यही क्षेत्रबाट सिटौलाले जिते । अर्थात् एउटा चुनाव हार्ने र अर्को जित्ने संयोगमा सिटौला २०६४ मा गृहमन्त्री हुँदा पनि जित्न सकेनन् ।

२०७० को दोस्रो संविधानसभा चुनावमा राप्रपाका राजेन्द्र लिङ्देनलाई हराए । राजनीतिक पृष्ठभूमि बलियो भएका सिटौलाले चुनाव जितेपछि संविधानसभामा महत्वपूर्ण जिम्मेवारी पाए । उनी संविधान मस्यौदा समितिका सभापति थिए ।

त्यही संविधानसभाले ३ असोज २०७२ मा संविधान जारी गऱ्यो । तर २०७४ को चुनावमा सिटौला फेरि लिङ्देनसँगै पराजित भए । तत्कालिन वाम गठबन्धनले लिङ्देनलाई समर्थन गरेपछि सिटौलाले चौथोपटक संसदीय पराजय ब्यहोरे ।

गत वर्ष (२०७९ मंसिरमा) पनि एमालेको समर्थन पाएर लिङ्देनले सिटौलालाई नै हराए । यो चुनावमा नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी सहितका पार्टीले साथ दिँदा पनि सिटौलाले जित्न सकेका थिएनन् ।

अर्थात् २०४८ साल यता मुलुकमा सात संसदीय चुनाव हुँदा आठ पटक उम्मेदवार भएर सिटौला पाँच पटक पराजित भए । अहिले राष्ट्रिय राजनीति र कांग्रेसभित्र सिटौलाको प्रभाव लगभग कोशी प्रदेशसभामा सीमित बन्दै गएको छ ।

तर तीनै ७७ वर्षीय सिटौलाले सत्तारुढ नेताहरू मनाएर जित्ने निश्चित रहेको राष्ट्रियसभाको बाटो रोजेका छन् । किनकी कोशीमा एमाले भन्दा सत्ता गठबन्धन एक हजार १८८ मतभारले अगाडि छ । गठबन्धन दलसँग ५ पाँच ४३६ मतभार छ । एमालेको मतभार ४ हजार २४८ छ । राष्ट्रियसभाको चुनावमा गोप्य मतदान हुने भएकाले गठबन्धनका नेताहरुले पार्टी निर्णय मानेमा जित निश्चित रहेको कोशीमा सिटौलासँगै माओवादी केन्द्रका चम्पादेवी कार्की उम्मेदवार बन्ने भएकी छन् ।

एमालेले भोजपुरका परशुराम अधिकारी र सुनसरीकी रुक्मिणी कोइरालालाई उम्मेदवार बनाएको छ । राप्रपाले उद्धव पौडेललाई उम्मेदवार बनाउने निर्णय गरेको छ । आगामी ११ माघमा दुई पदका लागि कोशीमा हुने चुनावका लागि आज (सोमबार) मनोनयन दर्ता हुँदैछ ।

*(स्रोत: अनलाइनखबर)*

# प्रदीपसँग 'ऐरी'मा काम गर्दै 'जवान' अभिनेता सांगे !

काठमाडौं/अभिनेता प्रदीप खड्काको बहुभाषिक फिल्म 'ऐरी'मा बलिउड कलाकारलाई पनि जोड्ने प्रयास भैरहेको छ । यसैक्रममा, बलिउड तथा भुटानी अभिनेता सांगे सेल्टिूम फिल्ममा मुख्य भूमिकामा देखिने भएका छन् । अंग्रेजी नयाँ वर्षको पूर्वसन्ध्यामा प्रदीपसहितको टिमले उनीसँग मुम्बईमा भेटघाट गर्दै फिल्म अफर गरेको थियो । उक्त भेटमै सांगे फिल्मलाई लिएर सकारात्मक देखिएका थिए ।



यसबीच, सेल्टिूम थप छलफलका लागि निर्माण टिमको निमन्त्रणामा शनिबार काठमाडौं आइपुगेका छन् । नेपाल बसाईकै क्रममा उनीसँग कागजी सम्झौता गर्ने तयारी भैरहेको निकट स्रोत बताउँछ । त्यसका लागि उनी पनि तयार देखिएका छन् । पहिलोपटक नेपाल आएका उनी शनिबार साँझ प्रदीपको गैरीधारास्थित 'प्याराडाइज गार्डेन रेस्टुरेन्ट' र ठमेलस्थित एलओडी क्लब पुगेका थिए ।

सांगेलाई फिल्ममा भित्राउन लाग्नुको पछाडि निर्माण टिमको दुईवटा उद्देश्य पनि छ । पहिलो, उनी भुटानी नागरिक भएकाले त्यहाँ फिल्म रिलिज गर्न सहज हुनेछ । दोस्रो, उनी भुटानको प्रतिष्ठित ओटीटी प्लेटफर्म 'सांग्रिला'मा पनि आबद्ध छन् । जसले गर्दा उक्त ओटीटीमा पनि सहज रुपमा फिल्म रिलिजको बाटो खुल्नेछ । सांगेको नेपाली भाषा पनि अत्यन्त राम्रो रहेको जानकारी प्राप्त छ ।

भुटानी फिल्म 'सिंग्ये'मा काम गरेपछि सांगेले सुपरस्टार सलमान खान अभिनीत फिल्म 'राधे'बाट बलिउडमा डेब्यूको मौका पाएका थिए । यसपछि उनी गत वर्ष शाहरुख खानसँग फिल्म 'जवान'मा देखिएका थिए । सेवानिवृत्त सैनिक समेत रहेका उनले भुटानको शाही अंगर क्षकको कप्तानको रुपमा काम गरेका थिए । आफ्नो फिटनेशमा विशेष ध्यान दिने गरेका सांगे 'जिम ट्रेनर' समेत हुन् ।

मल्टीमेटका सञ्चालक जीवन थापाको निर्देशनमा तयार हुन लागेको 'ऐरी' हिन्दी, अंग्रेजी, तमिल र नेपाली भाषामा निर्माण हुनेछ । फिल्मलाई सुवास काले, प्रशान्तकुमार गुप्ता र राजन कुँवरले निर्माण गर्नेछन् । सुवास र प्रशान्त भारतीय निर्माता हुन् । फिल्मको अधिकांश छायांकन नेपालमा गरिने जनाइएको छ । फिल्मलाई २०२४ को अन्त्यतिर प्रदर्शन गर्ने तयारीमा निर्माण टिम रहेको छ ।

# 'रङ्गेली' अझै खिच्न बाँकी, सौगातलाई भित्राउने तयारी

काठमाडौं/महाशिवरात्रीको दिन पारेर आगामी फागुन २५ गतेबाट फिल्म 'रङ्गेली' प्रदर्शनमा आउने तयारीमा छ । केही थान क्यारेक्टर पोस्टर सार्वजनिक गर्दै प्रचारलाई तीव्रता दिइरहँदा फिल्मको भने अझै केही प्रतिशत छायांकन गर्न बाँकी नै रहेको खुलेको छ । त्यसका लागि निर्माण टिमले अभिनेता सौगात मल्ललाई कुरिरहेको स्रोत बताउँछ । तर, उनको व्यस्तताका कारण छायांकन जुरेको छैन ।

फिल्ममा सौगातलाई केमियो भूमिकामा प्रस्तुत गर्न लागिएको जानकारी प्राप्त छ । उनको समय मिलेको अवस्थामा आगामी साता सुटिङको तयारी गरिएको छ । फिल्ममा उनलाई भित्राएर निर्माण टिमले कलाकारको 'लाइनअप' बलियो बनाउन खोजेको देखिन्छ । ग्याङस्टार कथामा आधारित रहेको फिल्ममा दयाहाङ राई, अर्पण थापा, मिरुना मगर, प्रवीण खतिवडा मुख्य भूमिकामा छन् ।

अर्जुन सुवेदीको लेखन तथा निर्देशनमा बनेको 'रङ्गेली'को कार्यकारी निर्माता जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् । निर्मातामा संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ छन् भने सह-निर्मातामा युवक कार्की र शिव शंकर चौलागाईं तथा एशोसियट निर्मातामा विवेक खड्का (योलो) छन् । सुशन प्रजापतिको छायांकन रहेको फिल्मका गीतमा सुशान्त गौतम र हर्कुलस बस्नेतको संगीत छ ।

# धान फल्ने जमिन घट्यो, उत्पादन बढ्यो



काठमाडौं/चालु आर्थिक वर्ष (आव) २०८०/८१ मा धानको उत्पादन ४.३३ प्रतिशतले बढेको सरकारी तथ्यांकले देखाएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार यो वर्ष देशभर ५७ लाख २४ हजार २३४ मेक्टिूक टन धान उत्पादन भएको छ । यो पछिल्लो चार वर्षको औसत उत्पादनको तुलनामा ५.०८ प्रतिशत र गत आव २०७९/८० को तुलनामा ४.३३ प्रतिशत धेरै भएको समेत मन्त्रालयले जनाएको छ । गत वर्ष देशभर कुल ५४ लाख ८६ हजार ४७२ मेक्टिूक टन धान उत्पादन भएको थियो ।

संघीय सरकारले सातै प्रदेशका कृषि मन्त्रालयबाट जिल्लागत रुपमा प्राप्त भएका आंकडा, इसिमोडसँगको सहकार्यमा स्याटलाइट इमेजको प्रयोगबाट तराईका जिल्लामा लगाइएको धान बालीको क्षेत्र, चालु आवमा भएको रोपाइँको आंकडालाई प्रमुख आधार मानेर धानको उत्पादन अनुमान गरिएको जानकारी दिएको छ ।

**धानबाली लगाइएको ८ हजार ८ सय हेक्टर जमिन घट्यो**

अघिल्लो आवको तुलनामा यो वर्ष धानबाली लगाइएको क्षेत्रफल भने घटेको कृषि मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार अघिल्लो आवको तुलनामा यो वर्ष धान उत्पादन हुने जमिन ८ हजार ८ सय हेक्टर कम भएको छ । यो ०.६१ प्रतिशत कम हो । यो वर्ष कुल धानबाली भित्राइएको क्षेत्रफल १४ लाख ३८ हजार ९ सय ८९ हेक्टर रहेको मन्त्रालयले जनाएको छ । यो गत चार आवको औसत क्षेत्रफलको तुलनामा १.७३ प्रतिशत कम हो ।

धानबालीको औसत: उत्पादकत्वदर गत आवको तुलनामा ४.९७ प्रतिशतले बढेर ३.९८ मेट्रिक टन प्रतिहेक्टर पुगेको समेत मन्त्रालयको तथ्यांक छ । यो पछिल्लो चार आवको औसत: उत्पादकत्व दरको तुलनामा ६.९२ प्रतिशतले बढी हो ।

**धेरै धान फल्ने प्रदेश कोशी**

प्रदेशगत हिसावले यो वर्ष सबैभन्दा धेरै धान कोशी प्रदेशमा फलेको छ । कर्णालीमा न्यून धान फल्ने गरेको पाइएको छ । उत्पादकत्वको हिसावले समेत कोशी प्रदेश अगाडि छ । यहाँ ४.४३ प्रतिमेटन प्रतिहेक्टर उत्पादन भएको छ । मधेश प्रदेशमा ३.४९ मेट्रिकटन प्रतिहेक्टर उत्पादन भएको आंकडा मन्त्रालयको छ ।

उत्पादन र उत्पादकत्व दुवैको वृद्धिका हिसावले लुम्बिनी प्रदेश अगाडी रहेको छ भने मधेश प्रदेशको उत्पादन र उत्पादकत्व दुवै ऋणात्मक देखिएको मन्त्रालयले जनाएको छ ।

तथ्यांक अनुसार कोशी प्रदेशमा ३ लाख २४ हजार ४०१ हेक्टरमा धान लगाइएको थियो । जसमा १४ लाख ३५ हजार ५७८ मेट धान उत्पादन भएको छ । मधेशमा ३ लाख ८३ हजार १८३ हेक्टरमा धान लगाइएकोमा १३ लाख ३७ हजार ६७२ मेट धान उत्पादन भएको छ ।

**यस कारण बढ्यो उत्पादन**

मधेश प्रदेशमा धान रोप्ने समयमा पर्याप्त वर्षा नभएका कारण उत्पादन र उत्पादकत्वमा ह्रास आएको मन्त्रालयले उल्लेख गरेको छ ।

समग्र धान उत्पादन बढ्नुमा भने उन्नत बिउको उपलब्धता र प्रयोग, रोक किराको प्रकोपमा कमी, बाढी पहिरोबाट पर्ने नकारात्मक असरमा कमी, मलखादको उपलब्धतामा आएको कमी, कृषि औजार र प्रविधिको प्रयोग र मौसमी अनुकूलतालाई मुख्य आधार मानिएको छ ।

तथ्यांक अनुसार चैते धानको उत्पादनमा केही ह्रास आएको छ भने मुख्य धानको उत्पादन वृद्धि भएको छ । *(स्रोत: अनलाइनखबर)*

# दर्शन अर्थात्....

वैज्ञानिकहरू भन्छन्, 'प्रारम्भमा सर्वत्र शून्य थियो । शून्यको बिचबाट चार अर्ब ५० करोड वर्षपहिले ब्रह्माण्डको स्वनिर्माण भयो र पृथ्वीसहित सौर्यमण्डल बन्यो । ब्रह्माण्ड सुरुमा एकदमै तातो थियो । यो बिस्तारै सेलाउँदै गयो । महाविस्फोटबाट तारा र ग्रहहरू बने । आजभन्दा तीन अर्ब ७० करोड वर्षपहिले ब्रह्माण्डमा जीवनको पहिलो अस्तित्व देखा पऱ्यो । त्यसैगरी आजभन्दा एक अर्ब २० करोड वर्षपहिले 'प्राइमेट्स' नामका जीवहरूको उदय भयो । ती जीवहरू विकसित हुँदै जाने क्रममा चिम्पान्जी, ओराङउटान्स आदि अस्तित्वमा आए । कालान्तरमा 'प्राइमेट्स'बाटै विकसित प्रजाति चार खुट्टाको सट्टा दुई खुटुटाले हिँड्न सक्ने हुन थाले ।

यस्तैमा आधुनिक मानवको पुर्खा मानिने होमोसेपियन्स मनुष्य अस्तित्वमा आयो । होमो सेपियन्स मानव अद्भुत क्षमताको धनी थियो । उसले आफूमा निहित विलक्षण क्षमताकै बलमा सृष्टिका बाँकी सबै जीवमाथि हैकम जमाउन थाल्यो । यत्रतत्र सर्वत्र होमोसेपियन्सको एकछत्र राज चलन लाग्यो । आजभन्दा ७० हजार वर्षपहिले मानव विकासले अर्को अग्रगामी छलाङ हान्यो । त्यति बेलासम्म होमो सेपियन्सको दिमागी क्षमता अत्यधिक बढ्न थाल्यो । उसमा कल्पना गर्न सक्ने । बौद्धिकता प्रदर्शन गर्न सक्ने । स्मरण गर्न सक्ने आदि गुणहरू विकसित भए । साथै होमो सेपियन्स मनुष्य भाषाको आविष्कार गर्न सक्षम भयो । ऊ जटिलभन्दा जटिल समस्याको समेत समाधान दिन सक्ने भयो । अगाडि बढ्दै जाँदा परिवार र समाजले जन्म लिन पुग्यो । जसले राज्य निर्माणको आधारशीला खडा गऱ्यो ।

यति चर्चा गर्दै गर्दा विद्वान् जति पश्चिममा थिए । दर्शनसम्बन्धी जेजति उपलब्धि भए पश्चिममै भए । केवल पश्चिमले त्यसलाई हुर्कायो-बढायो । त्यस गौरवमय यात्रामा पूर्वको खासै योगदान छैन भनियो भने अतिशयोक्ति हुनेछ । सत्य यही हो कि पूर्वमा पश्चिममा भन्दा धेरैपहिले दार्शनिक परम्पराको जग बसिसकेको थियो । विश्वमा सबैभन्दा पहिलो पुस्तक पूर्वमा लेखिएको थियो र त्यो वेद नामको दार्शनिक ग्रन्थ थियो । त्यसका रचयिता हाम्रा ऋषिमुनिहरू थिए । पाश्चात्य 'दर्शनशास्त्रका संस्थापक' 'थेल्स' (६२५-५४० बिसी) जन्मिनुअघि नै हाम्रोमा वेद उपनिषद्, महाभारतजस्ता दार्शनिक ग्रन्थहरूले आकार ग्रहण गरिसकेका थिए । तिनमा सयकडौं दार्शनिक सवालको रोचक जवाफ भेटिन्छन् । हिन्दु समाज वैदिक दर्शनको जगमा खडा छ । जसअन्तर्गत सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन पर्दछन् ।

पूर्वीय सभ्यताभित्र लोकायत, बौद्ध, जैन तथा चिनियाँ दर्शन (कन्फुसियस, ताओ) मा भरोसा राख्ने सम्प्रदाय पनि छन् । दर्शनको विकासमा बुद्ध, महावीर, लाओत्से, कन्फुसियस, शंकराचार्य लगायतले खेलेको भूमिका कुनै पनि मानेमा कम आँक्न सकिँदैन ।

*(साभार: रातोपाटी)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर

९८४५२६२५२२, ९८५५०७२६२३

# महासंघको वडास्तरीय संगठन विस्तार

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/नेपाली कांग्रेसको भातृ संगठनको रुपमा रहेको नेपाल लोकतन्त्रवादी आदिवाबासी जनजाति महासंघको वडास्तरीय संगठन विस्तार भएको छ । ऐतिहासिक प्रथम राष्ट्रिय महाधिवेशन लक्षित रही महासंघको वडावडामा समिति गठन गरिएको हो ।

केन्द्रीय निर्देशनअनुरुप २१ गते शनिबारसम्ममा देशैभर वडागत समिति गठन गर्ने निणर्य अनुरुप मकवानपुरमा ४५ वटा वडामा महासंघको समिति गठन गरिएको हो । मकवानपुरका १० वटा स्थानीय तहमा रहेको १०२ वडामध्ये हेटौंडा उपमहानगरका १६ वटा वडासहित मकवानपुरका ४५ वडामा महासंघको समिति गठन गरिएको महासंघ जिल्ला कार्यसमितिका सचिव जयनारायण श्रेष्ठले बताए । बार्कीं वडाहरु २५ गतेभित्र सम्पन्न गर्ने उनले बताए ।

पार्टीको संरचना जस्तै वडा, पालिका, प्रदेश निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र समिति र जिल्ला समिति निर्माण हुने सचिव श्रेष्ठले बताए । अहिले हामी वडातहको समिति गठन गर्ने र ६ जना क्षेत्रीय प्रतिनिधि छनोट कार्य तीव्र भइरहेको छ, सचिव श्रेष्ठले भने । हामी आगामी माघ ६ गते पालिकास्तरीय समिति गठन गर्नेछौं । त्यस्तै, माघ २१ गते प्रदेशसभा क्षेत्र, फागनु १ गते संघीय निर्वाचन क्षेत्र, फागुन १९ गते जिल्ला अधिवेसन, चैत १७ र १८ गते बागमती प्रदेश अधिवेसन र आगामी ०८१ जेठ २६ गतेदेखि २८ गतेसम्म काठमाडौंमा ऐतिहासिक प्रथम राष्ट्रिय महाधिवेसन गर्ने तालिका रहेको सचिव श्रेष्ठले बताए ।

छनोट भएका प्रतिनिधिले प्रदेशसभा क्षेत्र र प्रतिनिधिसभा क्षेत्रका साथै जिल्ला समितिको निर्वाचन प्रक्रियामा सहभागिता जनाउन पाइने श्रेष्ठले बताए । प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठको प्रमुख आतिथ्यतामा वडा समिति गठन गरिएको महासंघ हेटौंडा नगरसमितिका अध्यक्ष हर्करत्न लामाले बताए ।

# हेटौंडा क्याम्पसको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ मकवानपुरको परिचित शैक्षिक संस्था हेटौंडा क्याम्पसको शनिवार १५ औं वार्षिक साधारणसभा भएको छ । क्याम्पस सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीको सभाध्यक्षता तथा बागमती प्रदेश सरकारका भूमि उद्योग तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारको प्रमुख अतिथ्यतामा साधारणसभा भएको हो ।

साधारणसभामा बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, क्याम्पस सञ्चालम समिति निवर्तमानअध्यक्ष तथा पूर्वप्रदेश सांसद मुनु सिग्देल, हेटौंडा उपमहानगरपालिका प्रवक्ता एवम् १ नम्बर वडाअध्यक्ष सविन न्यौपानेलगायतको आतिथ्यता रहेको थियो । क्याम्पसले कक्षा ११ र १२ मा शिक्षा, व्यवस्थापन र मानविकीका विषय, स्नातक तहमा त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा शिक्षा संकाय (बीएड)तर्फ अंग्रेजी, नेपाली, गणित, जनसंख्या, स्वास्थ्य, विज्ञान र अर्थशास्त्रको अध्यापन भइरहेको छ ।

मानविकी संकायमा अंग्रेजी, समाजशास्त्र, ग्रामीण विकास तथा गणित विषयको कक्षा सञ्चालन भइरहेको छ । क्याम्पसमा शिक्षाशास्त्र संकायको स्नातकोत्तरको अध्यापन पनि हुँदै आएको सञ्चालक समिति अध्यक्ष पराजुलीले जानकारी दिए । उनकाअनुसार स्नातकोत्तरमा नेपाली, गणित, स्वास्थ्य, अंग्रेजी र शैक्षिक योजना तथा व्यवस्थापन विषय पढाई भइरहेको छ । ७७ जना प्राध्यापक, कर्मचारी कार्यरत रहेको क्याम्पसमा कम्प्युटर प्रयोगशाला, ई-पुस्तकालय, पुस्तक सहितको आधुनिक पुस्तकालय निर्माणको योजना बनाइएको छ ।

साधारणसभामा क्याम्पस सञ्चालक समितिका कोषाध्यक्ष नमूना पाण्डेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । गत आर्थिक वर्ष २०७९/८० मा ८ करोड ६ लाख ६२ हजार ९ सय ३२ रुपैयाँ क्याम्पसको आम्दानी रहेको कोषाध्यक्ष पाण्डेले बताइन् । उनले चालु आव २०८०/८१ मा ९ करोड ८४ लाख बढी आम्दानी हुने अनुमानित विवरण प्रस्तुत गरेकी छन् ।

# रानी वनको वार्षिकोत्सवमा आठजना सम्मानित



साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ सर्वमान्य गणेशमान सिह वन संरक्षण पुरस्कार प्राप्त गर्न सफल हेटौंडा-६, चौघडामा रहेको रानी सामुदायिक वन उपभोक्ता समूहको ३० औं वार्षिकोत्सव आइतवार भएको छ ।

वार्षिकोत्सवको अवसरमा समूहले विभिन्न विधाका ८ जना उपभोक्तालाई सम्मानित गरेको छ । समूहले उत्कृष्ठ उपभोक्तामा हेटौंडा-६ दिब्यनगरका तारानाथ ढकाल, पशुपालनमा हेटौंडा-६ का कृष्णप्रसाद घोरसैनी, खेतीमा मकवानपुरगढी-३ का भीमसेन हुमागाई, सरसफाईमा मकवानपुरगढी-३, मक्रान्चुलीका रामशरण देवकोटा, कृषिउपज खरि दकर्तामा हेटौंडा-६, पुतलीबजारकी कल्पना परियारलाई सम्मानित गरेको छ ।

यसैगरी वातावरण सफाइमा हेटौंडा-६ चौघडाका राजु थापामगर, उत्कृष्ठ महिला समूहमा मकवानपुरगढी-४, कालीखोलामा रहेको एकता महिला आयआर्जन समूह र २०८० सालको एसइइमा उत्कृष्ट अंक हासिल गर्ने मकवानपुर गढी-३, मक्रान्चुलीका अनिश घिमिरेलाई वार्षिकोत्सवको अवसरमा सम्मानित गरेको छ । हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

हेटौंडा-६ का वडासदस्य सरिता सापकोटा, लेखराज ढकाल, सवडिभिजन वन कार्यालय, हेटौंडाकी वन अधिकृत सविना रिजाल, फरेष्टर यदुकुमार घिमिरे, चुच्चेखोला सामुदायिक वनका अध्यक्ष लक्ष्मण कटुवाल, अशोक सामुदायिक वनका अध्यक्ष रमेशकुमार राई, न्यूरेनी चिसापानी सामुदायिक वनका अध्यक्ष प्रकाश कार्की, जनकल्याण सहकारीका सचिव रोमबहादुर न्यौपाने, बंशगोपाल दुग्ध सहकारीका लेखासंयोजक जयराम घिमिरे, समूहका उपाध्यक्ष केशव धिताल सचिव नानीमायाँ रुम्वा, कार्यसमितिका पदाधिकारी, लेखासमिति, महिला समूहका पदाधिकारी, उपभोक्ता, कर्मचारी लगायतको सहभागिता रहेको थियो । १ सय ३४ हेक्टर क्षेत्रफलमा फैलिएको यो सामुदायिक वनमा ९ सय घरधुरी आवद्ध रहेका छन् ।

# सहकारी संघको नवनिर्वाचित समितिलाई दिव्यताराको सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, २२ पुस/ मकवानपुर जिल्ला सहकारी संघमा नवनिर्वाचित समितिलाई दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाले स्वागत तथा सम्मान गरेको छ ।

शनिबार भएको मकवानपुर जिल्ला सहकारी संघको २० औं साधारणसभाबाट नारायणप्रसाद देवकोटाको अध्यक्षतामा नयाँ समिति निर्माण भएको थियो । आइतबार दिव्यताराका अध्यक्ष डा. गणेश बहादुर बललामा र बागमती प्रदेशसभा सदस्य लक्ष्मीदेवी श्रेष्ठले मकवानपुर जिल्ला सहकारी संघमा नवनिर्वाचित सञ्चालक समितिलाई टीका तथा खादा लगाएर स्वागत तथा सम्मान गरेका थिए । जिल्ला सहकारी संघको अध्यक्ष देवकोटाले स्वागत समारोह सहकारीजगतको नयाँ सुरुवात कार्यक्रम भएकोले दिव्यतारा सहकारीको प्रशंसा गरेका थिए ।

वर्तमान असहज अवस्थामा संस्थाको दिगो विकासमा एकताबद्ध भइ लाग्न सहकारीमा कार्यरत कर्मचारीलाई उनले निर्देशन दिएका थिए । जिल्ला सहकारी संघका सचिव दिनेश उपाध्यायले सहकारी अभियानमा लाग्दै गर्दा राजनीतिबाट अलग रही सबैलाई समेटेर भातृत्वको रक्षा गर्नुपर्ने सुझाब दिएका थिए ।

शनिबार भएको मकवानपुर जिल्ला सहकारी संघको २० औं साधारणसभा तथा अधिवेशनबाट देवकोटाको अध्यक्षतामा नयाँ सञ्चालक समिति निर्माण भएको हो । समितिको उपाध्यक्षमा मेनुका दाहाल घिमिरे, सचिवमा दिनेश उपाध्याय, कोषाध्यक्षमा विमलकुमार ढकाल, सहसचिवमा भोगेन्द्र लुईटेल चयन भएका थिए ।

यसैगरी सदस्यमा अर्जुन प्रसाद वाग्ले, सीताराम दाहाल, हेमप्रसाद न्यौपाने, हरीप्रसाद पौडेल, बिमला कार्की, शर्मिला डंगोल, श्रमिक लामा चयन भएका छन् । यसैगरी लेखा समितिको संयोजकमा खेमराज सापकोटा चयन भएका छन् भने सदस्यमा ज्ञानेन्द्र ढुंगाना र लक्ष्मणप्रसाद सुवेदी चयन भएका थिए ।

# नाबालिक छोरीलाई यातना दिने बाबुलाई मुद्दा

साझाकुरा संवाददाता


हेटौंडा, २२ पुस/ नाबालिक छोरीलाई निर्मम यातना दिने एकजना बाबुलाई मकवानपुर प्रहरीले हेटौंडाबाट पक्राउ गरेको छ । हेटौंडाबाट प्रहरीले महोत्तरी घरभई हेटौंडा-५ सिंचाईटोल डेरा गरी बस्ने २७ वर्षका रामजी मण्डललाई ४ वर्षकी छोरीलाई यातना दिएको आरोपमा पक्राउ गरेको हो ।

मण्डललाई प्रहरीले आइतबार जिल्ला अदालत मकवानपुर बाट बालबालिकाविरुद्ध कसुर मुद्दामा ७ दिनको म्याद थप गरेको छ । साढे ४ वर्षकी छोरीको हात, गालामा टोकेर गहिरो घाउ बनाउने, कान टोक्ने, आँखामा खुर्सानीको धुलो हाल्ने गरेको स्थानीय छिमेकीले देखेपछि सिविन बालहेल्पलाइनको सहयोगमा मण्डललाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका डिएसपी लक्ष्मी भण्डारीले बताए ।

मण्डलले नाबालिका छोरीको हात, अनुहार, कानमा टोक्ने, आँखामा खुर्सानीको धुलो हालिदिने गरेको पाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मडण्लले नाबालिकसहित श्रीमतीलाई पनि नियमित यातना दिने गरेको थाहा पाएपछि आफूहरुले उनको डेरामा अनुगमन गर्दा बाबुको यातनाबाट गम्भीर अवस्थामा रहेको नाबालिक्लाई उद्दार गरेको सिवन बालहेल्पलाईन मकवानपुरका प्रवन्धक फविन्द्र ज्ञावलीले जानकारी दिए ।

# हार्दिक श्रद्धाञ्जली

जन्मः
१९९७/१२/२५



स्वर्गारोहणः
२०८०/०९/१२

**स्व. टेकनाथ बर्तौला**

हाम्रा प्रातःस्मरणीय, मेरा पूजनीय पति एवम् हाम्रा पूजनीय पिताश्री **टेकनाथ बर्तौला** को असामयिक स्वर्गारोहण भएको १३ औं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । शोकको यस घडीमा हामीप्रति समवेदना प्रकट गर्नुहुने, सहयोग गर्नुहुने, सद्भाव व्यक्त गर्नुहुने, सागरमा पाल्नुहुने सम्पूर्णप्रति कृतज्ञ हुँदै पितृप्रसाद ग्रहणको लागि मिति २०८० पुस २४ गते दिउँसो २:०० बजे हेटौंडा-३, लेवटस्थित आफ्नै निवासमा पाल्नुहुन सादर आमन्त्रण गर्दछौं ।

**श्रीमती : शुभद्रा बर्तौला**

**छोराबुहारीहरू**

प्रमुख सेनानी (अ.प्रा.) श्यामसुन्दर/भवानीबर्तौला
गुणराज/मेनुका बर्तौला
राजेश/रेवति बर्तौला
देबेन्द्र/अप्सरा बर्तौला
दिपक/रश्मि बर्तौला

**छोरी ज्वाइहरू**

लक्ष्मी पाठक/हरि कुमार पाठक

**नातिनातिनीहरू**

मनिष बर्तौला
रिदम बर्तौला
पुर्णिमा बर्तौला
श्रब्या बर्तौला
प्रसन्न बर्तौला
समृद्धि बर्तौला
मन्दिप बर्तौला
एनिस पाठक
एनिसा पाठक

एवम्

**समस्त बर्तौला परिवार**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना